# दक्षिणकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं, ३ नं प्रदेश, नेपाल


पत्र सं. ०७६/०७७

च. नं. २८८

मितिः- २०७६।०५।१०

**विषयः- सहुलियत दरमा उपचार सेवा सम्बन्धमा ।**

श्री वडा कार्यालयहरु,

१-९ सम्म सबै, दक्षिणकाली नगरपालिका ।

उपर्युक्त सम्बन्धमा यस दक्षिणकाली नगरपालिका र नेपाल मेडिसिटी अस्पताल ललितपुर -१८ सैबु, भैंसीपाटी विच मिति २०७६।०५।०८ मा सहुलित दरमा उपचार सेवा प्रदान गर्ने सम्झौता भैसकेको हुँदा सम्झौता बमोजिम उक्त अस्पतालबाट सहुलियत दरमा तथा विपन्न नागरिकलाई निशुल्क उपचारको अवसर लिनहुन सबै वडा बासीहरुलाई जानकारी गराई दिनुहुन सम्झौता पत्र पाना-२ यसै साथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ ।

.............................

घनश्याम न्यौपाने

प्रमुख प्रशासकीय अधिकृत


फर्पिङ, काठमाडौं, नेपाल, फोन नं.: +९७७ ०१ ४७१००२८

Email: info@dakshinkalimun.gov.np, Website: www.dakshinkalimun.gov.np

## नेपाल मेडिसिटी अस्पताल तथा दक्षिणकाली नगरपालिका, फर्पिङ

## बीच

## सेवा लिने दिने सम्बन्धमा भएको सम्झौता पत्र

लिखितम्, ललितपुर जिल्ला वडा नं १८ सैंबु, भैंसेपाटीमा अवस्थित ७५० शैयाको अन्तर्राष्ट्रिय स्तरको **आश्विन्स् मेडिकल कलेज एण्ड हस्पिटल प्रा.लि** अन्तर्गत दर्ता भई संचालनमा आएको अस्पताल **नेपाल मेडिसिटी** (यस पछि प्रथम पक्ष भनिएको) र **दक्षिणकाली नगरपालिका कार्यालय, फर्पिङ** (यस पछि दोश्रो पक्ष भनिएको) बीच तपसिल बमोजिमका शर्त एवं सहमति अनुसार बिरामीहरुको उपचार गर्ने गराउने सम्बन्धमा आपसी सहमति भई प्रस्तुत करारनामा लेखी लेखाई सहीछाप गरि १/१ प्रति लियौं दियौं ।

**करारको अवधि :**
सम्झौता पत्रमा हस्ताक्षर भएको मिति देखि लागू भई ३ वर्षको हुनेछ । सो पश्चात् आपसी सहमति बमोजिम म्याद थप हुनेछ ।

१. दोश्रो पक्ष( दक्षिणकाली नगरपालिका भित्रका नागरिक) विरामीहरुलाई उच्च प्राथमिकताका साथ सहुलिएत सहितको उपचार सेवा प्रदान गर्न प्रथम पक्षले गर्नुपर्नेछ ।

२. यस अस्पतालबाट उपलब्ध सेवाहरुलाई सहज एवं सुलभ तवरले उपयोग गर्न दोश्रो पक्षको सिफारिसमा नगर प्रमुख, उपप्रमुख, कार्यालयले तोकेको अधिकृत तथा नगरपालिका अन्तर्गतका वडा अध्यक्षको सिफारिसमा वितरण गरी नगरपालिका भित्रका नागरिकहरुलाई प्रथम पक्षले बिरामीले उपचार गर्दा तिर्नुपर्ने रकममा कम्तीमा छिमेकी कार्ड बमोजिम १० प्रतिशत विशेष छुट सहित स्वास्थ्य सुविधाहरु उपलब्ध गराउने छ । प्रथम पक्षले(नेपाल मेडिसिटी अस्पताल) ले नगरपालिकाको सिफारिसमा नेपाल सरकारको विपन्न नागरिक उपचार निर्देशिका बमोजिम विपन्न नागरिकहरुकाहरुलाई निःशुल्क सहज उपचारको व्यवस्था गर्नेछ ।

३. दोश्रो पक्षको संयोजकत्वमा दैवी प्रकोप तथा आकस्मिक सेवा लगायत दोश्रो पक्षको( नगरपालिका)का स्वास्थ्यकर्मीहरुलाई स्वास्थ्य सम्बन्धि तालीम दिने तथा स्वास्थ्य जनचेतनामूलक कार्यकमहरुमा प्रथम पक्षले सहयोग गर्नेछ ।

४. नगरपालिकाले उपचार खर्च बेहोर्ने अवश्थामा आकस्मिक अवस्थामा कुनै पनि संचारको माध्यमबाट जानकारी पठाएको खण्डमा शुन्य डिपोजिटमा उपचार सेवा उपलब्ध गराईने छ । यद्यपी सो को लिखित वा आधिकारिक जानकारी दोस्रो पक्षले विरामी भर्ना भएको २४ घण्टा भित्र उपलब्ध गराउनु पर्नेछ ।

५. दुवै पक्षले सामाजिक उत्तरदायित्वको भुमिका बहन गर्दै, दूर्घटना न्यूनीकरण गर्नमा सहयोग पुऱ्याउने उद्धेश्यका साथ प्रथम पक्षले दूर्घटना न्यूनीकरण एवं बेशिक लाईफ सपोर्ट तालिममा दोश्रो पक्षले आवश्यकता महशुश गरेको संस्था, समूह तथा नागरिकहरुलाई तालीम तथा जानकारीहरु

Ashwins Medical College & Hospital Pvt. Ltd. 2007

Bijay Rimal
General Manager

दक्षिणकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय फर्पिङ, काठमाडौं २०७३

मोहन बस्नेत
नगर प्रमुख

उपलब्ध गराउने छ । नगरपालिका भित्रका ट्राफिक प्रहरी तथा यातायात व्यवसायीसँग संयुक्त रुपमा दूर्घटना न्यूनीकरणका लागि सहकार्य गरिनेछ ।

६. दक्षिणकाली नगरपालिका भित्रका स्वास्थ्य स्वयंम सेवक/सेविकाहरु तथा अन्य स्वास्थ्य कर्मचारीहरुलाई प्रथम पक्ष(नेपाल मेडिसिटि)ले तालिम तथा स्वास्थ्य कार्यक्रम गर्ने ।

७. प्रथम पक्ष तथा दोश्रो पक्षले नगरपालिका भित्र स्वास्थ्य सम्बन्धि जनचेतनामूलक सामाग्रीहरु संयुक्त रुपमा तयार गरी प्रचार प्रसार गरिने छ ।

८. दोश्रो पक्षले आवश्यकता महसुस गरे बमोजिम वर्षमा प्रथम पक्षले(नेपाल मेडीसिटी) कम्तिमा २ बृहद् निःशुल्क स्वास्थ्य शिविरको आयोजना गर्नेछ ।

९. पहिलो पक्षले (नेपाल मेडीसिटी) दक्षिणकाली नगरपालिका भित्र सञ्चालन गर्दै आएको जेष्ठ नागरिक स्वास्थ्य शिविर (घर दैलो कार्यक्रममा) प्रथम पक्षले चिकित्सक(स्वास्थ्य कर्मी) र औषधी निःशुल्क रुपमा उपलब्ध गराउनु पर्नेछ ।

**पहिलो पक्ष**

हस्ताक्षरः ..................................

Bijay Rimal
General Manager

नामः विजय रिमाल

पदः महाप्रबन्धक

सम्पर्क नं.:९८०११५७५५५

मितिः२०७६/०५/०८

Ashwins Medical College & Hospital Pvt. Ltd. 2007

**दोस्रो पक्ष**

हस्ताक्षरः ..................................

दक्षिणकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय फर्पिङ, काठमाडौं

नामः मोहन बस्नेत

मोहन बस्नेत
नगर प्रमुख

पदः नगरप्रमुख

सम्पर्क नं.: ९८४१६१५२६२, ०१४७१००२८

ईमेलः dakshinkalimun@gmail.com

मितिः २०७६/०५/०८

**इति सम्वत् २०७६ साल ५ महिना ८ गते १ रोज शुभम् ।**